Transport for NSW

# सडक सुरक्षा



## बसमा सीटबेल्ट सुरक्षा

### सिटबेल्टले जीवन बचाउँछ

यदि बसमा सिटबेल्ट छ भने यो लगाउनु पर्ने **कानून** हो। सिटबेल्ट लगाउँदा दुर्घटनाबाट बच्ने सम्भावना दोब्बर हुन्छ र चोटपटकको जोखिम कम हुन्छ।

बसमा, तपाईंको आफ्नै सिटमा बस्नु र ठीकसँग सुरक्षित रूपमा कब्जा लगाएर सिटबेल्ट लगाउनु तपाईंको जिम्मेवारी हो।

### सिटबेल्ट सही तरिकाले लगाउनुहोस्

सिटबेल्टको पेटमाथी तेर्सिएको भाग तपाईंको नितम्बको दुइतिरको हड्डीको भागमा बसेको हुनुपर्छ र माथीको भाग तपाईंको छाती र मध्य काँधमा पर्नु पर्छ।

सधैं सुनिश्चित गर्नुहोस् कि तपाईंको सिटबेल्ट कसिलो गरी बाँधिएको छ।

### सिटबेल्ट किन महत्त्वपूर्ण छ?

कुनै पनि गाडीमा सिटबेल्ट लगाउँदा दुर्घटनाको अवस्थामा तपाईंलाई सुरक्षा गर्न मद्दत गर्दछ।

दुर्घटनामा, सिटबेल्टले:

- शरीरलाई गाडीको गतिमा घटाएर ल्याउन मद्दत गर्दछ
- शरीरको बलियो भागहरूमा ठक्करको असर छरिदिन्छ (श्रोणि र छातीका क्षेत्रहरू)
- अन्य यात्रुहरू वा सवारी साधनको भित्री भागसँग ठोक्किने जोखिमलाई कम गर्दछ
- चालक वा यात्रुहरूलाई गाडीबाट फ्याँकिने जोखिम कम गर्दछ।

### सँधै सुरक्षित रूपले बेल्ट कस्नुपर्छ।

सिट बेल्टको बारेमा थप जानकारीको लागि **transport.nsw.gov.au/seatbelts** हेर्नुहोस्




स्टक कोड 45095281 जुन 2024 © NSW को लागि यातायात

NSW GOVERNMENT

NSW सडकमा धेरैले ज्यान गुमाए।
**हाम्रो लक्ष्य शून्य हो।**

TOWARDS ZERO